# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

(शिक्षा, युवा तथा खेलकुद महाशाखा)

लुम्बिनी. प्रदेश, नेपाल

मितिः २०७८/०८/१०

प. स. २०७८/७९

च. न. २४०८

विषय विज्ञ (Roster) तयारीका लागि निवेदन दर्ता गर्नेसम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०७८/०८/१०)**

तुलसीपुर उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखाले करारमा शिक्षक नियुक्तिका लागि प्रश्न पत्र निर्माण एवं मूल्याङकन लगाएतका कार्यलाई प्रभावकारी र सुव्यवस्थित बनाउने उद्देश्यले तपसिल बमोजिमका विषयहरुमा नयाँ विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिम योग्यता पुगेका इच्छुक शिक्षकले निम्न अनुसारको विवरण सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस महाशाखामा आइपुग्ने गरी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. विषयहरुः

क) आधारभूत तह (कक्षा १- ५) ;

ख) आधारभूत तह (कक्षा ६- ८) : नेपाली, अंग्रेजी, गणित, विज्ञान, गणित-विज्ञान र सामाजिक,

ग) माध्यमिक तह (कक्षा ९- १२) ; नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक,

२. मापदण्डहरुः

क) विज्ञहरुको सूची दर्तासम्बन्धी निवेदन यसै पत्रसँग उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लिखित कुराको पुस्ट्याइँ हुने कागजातहरु संलग्न हुनुपर्ने छ।

ख) आधारभूत तह कक्षा १-५ को विज्ञ सूचीमा नाम दर्ता गर्न कुनै पनि विषयमा न्यूनतम स्नातक तह उत्तिर्ण गरी प्राथमिक तहको शिक्षक पदमा स्थायी नियुक्ती भएको कम्तिमा ५ वर्ष पुरा भएको हुनुपर्ने छ।

ग) आधारभूत तह (कक्षा ६-८) को विज्ञ सूचीमा नाम दर्ता गर्न सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तिर्ण गरी निम्न माध्यमिक तहमा सो विषयको शिक्षक पदमा स्थायी नियुक्ती भएको कम्तिमा ५ वर्ष पुरा भएको हुनुपर्ने छ।

घ) माध्यमिक तहको विज्ञ सूचीमा नाम दर्ता गर्न सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उत्तिर्ण गरी माध्यमिक तहमा सो विषयको शिक्षक पदमा स्थायी नियुक्ती भएको कम्तिमा ५ वर्ष पुरा भएको हुनुपर्ने छ।

ङ) शैक्षिक योग्यता, नियुत्ती पत्र र नेपाली नागरिकताका प्रमाणित प्रतिलिपिमा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: श्री सूचना तथा सञ्चार शाखा (सूचना अपलोड गरिदिनुहुन)

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर दाङ

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

विषयः विषय विज्ञमा सूचिकृत हुन पाँऊ ।

प्रस्तुत विषयमा तुलसीपुर उपमहानगरपालिकामा देहायबमोजिमका विषयमा विषय विज्ञका रुपमा सुचिकृत हुन तपसिलको विवरण सहित (आवश्यक कागजातसहित) यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः ..............................

हस्ताक्षरः .........................

**तपसिल**

नाम थरः ..................................... कार्यरत तह श्रेणीः .................. संकेत नं : .................

स्थायी ठेगानाः जिल्ला............... नपा/गापा ......................... वडा नं .............. टोलः ............

सम्पर्क नं ......................... इमेलः ................................

कार्यरत विद्यालयको नाम ठेगानाः ...........................................................................

(क) विषय विज्ञका रुपमा सुचिकृत हुन चाहेका बढिमा २ (दुइ) विषय प्राथमिकता क्रममा राख्नुहुन

| क्र.सं. | विज्ञको रुपमा सूचिकृत हुन चाहेको विषय | विज्ञको रुपमा रहन चाहेको विषय/तह | विषयसंग सम्बन्धित सम्पादन गरेको कार्य अनुभव वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(ख)शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्युनतम र सो भन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधि | अध्ययन गरेको मुख्य विषयहरु | उत्तिर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विषयसंग सम्बन्धित कुनै पुस्तक, सन्दर्भ सामाग्री, सामाग्री, लेख रचना, अनुसन्धान कार्य गरेको भए

| क्र. सं. | सामाग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| | | | | |

उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः ..................................

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत